# फिदिम नगरपालिका

## स्थानीय राजपत्र

(फेदेन पत्र)

खण्ड : ४ संख्या:२ मिति:२०७७।०३।१२

## भाग १

## फिदिम नगरपालिका

## कृषि व्यावसाय (अनुमति, दर्ता र नविकरण तथा अभिलेख) कार्यविधि, २०७७

आज्ञाले,

अम्बिका प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावनाः**

स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार फिदिम नगरपालिका, नगरकार्यपालिकालाई प्राप्त अधिकारक्षेत्र भित्र रहेर यस पालिका भित्र संचालनमा रहेका र संचालन हुने कृषिजन्य, पशुपन्छीजन्य तथा माछाजन्य (उत्पादन देखि वजारीकरण सम्मका) व्यवसायहरूलाई व्यवस्थित गर्दै संचालनमा प्रेरित गर्न र नियमन कार्यको लागि ऐनको दफा ११को उप दफा (७) तथा दफा १०२को उपदफा (२) वमोजिम **कृषि व्यावसाय (अनुमति, दर्ता र नविकरण, अभिलेख) कार्यविधि २०७७** लागु गर्नु वान्छनीय भएकोले यो कार्यविधि स्वीकृत गरी लागु गरीएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

१. यस कार्यविधिको नामः "**कृषि व्यावसाय (अनुमति, दर्ता र नविकरण तथा अभिलेख) कार्यविधि, २०७७**" रहको छ ।

२. यो कार्यविधि फिदिम नगर कार्यपालिकाले स्विकृत गरेको मितिवाट लागु हुने छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**"स्थानीय सरकार"** भन्नाले फिदिम नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**“व्यवसाय”** भन्नाले फिदिम नगरपालिका भित्र व्यवसायिक रूपमा संचालन हुने सम्वन्धित कार्यालयहरूमा दर्ता र नविकरण भएका व्यसायिक कृषिजन्य कारोवार गर्ने (उत्पादन, प्रशोधन, विक्री वितरण, भन्डारण) व्यक्ति/ संस्था/ फर्म/ प्रा लि लाई सम्झनु पर्छ ।

**“अनुमति”** भन्नाले उद्योगी व्यवसायीलाई नगरपालिकाले कानुन वंमोजिम व्यवसाय दर्ता गरि उद्धेश्य वमोजिम कारोवार गर्न दिइने सहमति सम्झनु पर्छ ।

**“दर्ता, अभिलेख, नविकरण”** भन्नाले कुनै पनि उद्योग व्यवसायहरू सम्बन्धित कार्यालयमा कानु वंमोजिम दर्ता भइ यस नगरपालिकाको क्षेत्र भित्र संचालन गर्न नगरपालिकाको दर्ता अभिलेखमा अभिलेखीकरण गर्ने र अभिलेखिकरण भएको हरेक वर्ष तोकिएको दस्तुर तिरी असार मसान्तमा संस्था नविकरण गर्ने भन्ने सम्झनु पर्छ ।

**“कृषक”** भन्नाले कृषि तथा पशुपालन व्यावसायमा आवद्ध एकल वा समुहमा रहेका मानिस सम्झनु पर्छ ।

**“कृषक समूह”** भन्नाले कृषि तथा पशुपालन व्यावसायमा आवद्ध एउटै उद्धेश्य र पेशा भएका कम्तिमा १० जना कृषकहरूको नगरपालिकाको कृषक समूह दर्ता कार्यविधि वमोजिम दर्ता भएको संस्था वा समूह सम्झनु पर्छ ।

**“सहकारी”** भन्नाले कृषि तथा पशुपालन व्यवसायमा आवद्ध एउटै उद्धेश्य र पेशा भएका कम्तिमा २५ जना कृषकहरूको समुह जो सहकारी ऐन वमोजिम सम्वन्धित निकायमा दर्ता र नगरपालिकामा अभिलेखिकरण भएको सहकारी संस्था सम्झनु पर्छ ।

**“उद्योगी / व्यावसायी”** भन्नाले सम्बन्धित कानुन वमोजिम व्यावसाय दर्ता गरी व्यावसायिक रूपमा उत्पादन, प्रशोधन, निकासी पैठारी तथा वजारीकरण सम्वन्धी कारोवार गर्ने व्यक्ति, समुह, सहकारी, कम्पनी आदि सम्झनु पर्छ ।

**“कार्यालय”** भन्नाले यस फिदिम नगरपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

**“शाखा”** भन्नाले यस फिदिम नगरपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनु पर्नेछ ।

**“वडा”** भन्नाले यस फिदिम नगरपालिका अन्तर्गतका १४ वटै वडा कार्यालयहरू सम्झनु पर्नेछ ।

**“प्रमुख”** भन्नाले यस फिदिम नगरपालिकाको नगर प्रमुख सम्झनु पर्नेछ ।

**“उपप्रमुख”** भन्नाले यस फिदिम नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्नेछ ।

**“कार्यपालिका सदस्य”** भन्नाले यस फिदिम नगर कार्यपालिकाको सदस्यहरूलाई सम्झनुपर्नेछ ।

**"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस फिदिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

**"वडा समिति"** भन्नाले यस फिदिम नगरपालिका अन्तरगतका वडा समितिहरू सम्झनु पर्नेछ।

**"व्यवसायी"** भन्नाले यस फिदिम नगरपालिका भित्रका सम्वन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ ।

**"कार्यविधि"** भन्नाले कर्षि जन्य व्यवसाय (अनुमति, दर्ता, अभिलेख तथा नविकरण) कार्यविधि-२०७७" सम्झनु पर्नेछ।

**३. उद्धेश्यः यस कार्यविधिका उद्देश्य देहाय अनुसार हुनेछन ।**

**१.** स्थानीय सरकार संचालन ऐन र कार्यविधिबाट प्राप्त अधिकारको अधिकतम प्रयोग गरि यस नगरपालिकामा वसोवास गर्ने आम जनमानसले पाउनु पर्ने गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, र सुरक्षाको वन्दोबस्तीलाई व्यवस्थित गर्नु ।

**२.** आर्थिक समृद्धि, रोजगारी, निर्यातमूखी उत्पादन गर्न यस पालिकाभित्र संचालनमा रहेका र संचालन हुने कृषि तथा पशुपन्छीजन्य व्यापार व्यावसाय संग सम्वन्धित कल कारखाना, उद्योग व्यावसाय, निकासी पैठारी सवैको अभिलेख व्यवस्थापन, दर्ता नविकरण, राजश्व संकलन, पुरस्कार, प्रवर्द्धन, दण्ड जरिवाना तथा नियमन समेतका कार्यक्रम सन्चालन गर्नु ।

**४. क्षेत्रः** यस फिदिम नगरपालिका क्षेत्र भित्रका कृषि तथा पशुपन्छी व्यवसाय संग सम्वन्धित सबै व्यवसायीहरूलाई यस कार्यविधिले समेट्नेछ ।

## परिच्छेद - २

## व्यावसाय दर्ता सम्वन्धी व्यवस्था

**५, व्यावसायको प्रकृतिः**

**५.१. कृषि तथा पशुपन्छीजन्य उत्पादनका क्षेत्र,**

यस क्षेत्र अन्तरगत कृषि, पशुपन्छी तथा माछापालन व्यावसाय, विभिन्न फलफुल, तरकारी, पुष्प खेती तथा नर्सरी, मौरीपालन, नगदेबाली, मसला बाली तथा उच्च मुल्यका बालीहरूको व्यावसायिक उत्पादन गर्ने व्यावसायी त्यस्तै व्यावसायिक रूपमा माछा, भेडा, वाख्रा, च्यांग्रा, वंगुर, वदेल, खरायो, गाई, भैसी, चौरी, हाँस परेवा, वटाइ, कालिज, अस्ट्रीच, कुखुरापालन गरी दुध फुल मासु उत्पादन गर्ने कृषक, समुह, सहकारी, फर्म वा कम्पनी आदि लगानी तथा क्षमताको आधारमा व्यावसायको वर्गीकरण यस प्रकार हुनेछ ।

**"क" वर्गः** २० लाख माथी पूँजी लगानी भएको

**"ख" वर्गः** ५ देखि २० लाख पूँजी लगानी भएको

**"ग" वर्गः** ५ लाख भन्दा कम पूँजी लगानी भएको

उल्लेखित उत्पादनशील व्यावसाय दर्ता प्रकृयाका लागि निम्न अनुसारका पशुपन्छी संख्या तथा खेतीयोग्य जमिन हुनु जरूरी हुनेछ ।

**१.** गाई/भैसी/चौरीको फर्म दर्ताका लागि न्युनतम ४ माउ उत्पादन योग्य वयस्क पशु पालेको हुनुपर्नेछ।

**२.** भेडा/बाख्रा/च्याङ्ग्रा/खरायोको फर्म दर्ताका लागि न्युनतम १५ माउ उत्पादन योग्य माउ भेडा/बाख्रा/खरायो र मासुको लागि वयस्क २५भेडा/बाख्रा/ च्याङ्ग्रा /खरायो पालेको हुनुपर्नेछ।

**३.** सुगर/वंगुर फर्म दर्ताका लागि न्युनतम ३ माउ उत्पादन योग्य वयस्क पोथी र १ व्याडे भाले पशु र मासुको लागि १५ वटा वयस्क वगुर पालेको हुनुपर्नेछ।

**४.** पन्छी जन्य व्यावसाय / फर्म दर्ताका लागि वोइलर कुखुरा भए न्युनतम २००को संख्यामा, लेयर्स भए ५००को संख्यामा र स्थानीय कुखुरा/वटाइ/कालिज/हाँस भए १०० वटा वयस्क उत्पादन योग्य पन्छी पालेको हुनु पर्ने छ।

**५.** माछा पालन व्यावसायका लागि कम्तिमा १ रोपनी क्षेत्रफलमा माछा पोखरी निर्माण गरी माछापालन व्यवसायको पूर्वाधार निर्माण गरि १००० माछा पालन भएको हुनु पर्नेछ ।

**६.** कृषि व्यावसाय संचालन गरी दर्ता गर्न तरकारी खेती/नर्सरी स्थापनाका लागि न्युनतम ५ रोपनी, फलफूल खेती/नगदेबाली/मसला बाली/उच्च मुल्यका बाली/घाँसे नर्सरी आदिका लागि न्युनतम १० रोपनी जमीन निजी स्वामित्व वा १० वर्षको कवुलियतनामा गरेको हुनु पर्नेछ ।

**७.** मौरीपालन व्यावसाय दर्ताका लागि कम्तिमा आधुनिक १० घार मौरी पालेको हुनुपर्ने र मौरी घार निर्माण, सप्लायर्स तथा मौरी सम्वन्धी अन्य कारोवारको लागि आवश्यक पूर्वाधार भएको हुनुपर्नेछ।

**५.२. कृषि तथा पशुपन्छीजन्य उद्योग व्यावसाय अलावा कृषि तथा पशुपन्छीजन्य पदार्थ, मेसिन औजार, औषधि, बिउ बिजन कारोवार निकासी पैठारीको क्षेत्रमा काम गर्नेः**

यस अन्तरगत दाना, छाला, पश्मिना, राडी पाखी, डेरी उद्योगहरूको साथै फ्रेस हाउस, माछा पसल/सप्लायर्स, वधशाला, डेरी पसल तथा सप्लायर्स, तरकारी तथा मसला पसल/सप्लायर्स, एग्रोभेट पसलहरू, कृषि औजार सप्लायर्सहरू, जीउँदो पशुपंक्षीको कारोवार ओसार पसार, विक्री गर्ने खरिते, व्रुडिङ्क / व्रिडिङ् सेन्टर, बिउ बिजन संकलन भण्डारण गर्ने कृषक, समुह, सहकारी, फर्म वा कम्पनी लगायत उप दफा ४.१मा उल्लेख भए वाहेकका कृषि व्यावसाय संग सम्वन्धित कुनैपनि कारोवार गर्ने व्यक्ति, फर्म वा कम्पनी यस समुह अन्तर्गत राखिने छ । लगानी तथा क्षमताको आधारमा व्यावसायको वर्गीकरण यस प्रकार हुने छ ।

**क वर्गः** ५०लाख माथीको कारोवार

**ख वर्गः** २० देखि ५० लाख सम्मको कारोवार

**ग वर्गः** २० लाख सम्मको कारोवार

**६. व्यावसाय दर्ता प्रकृया :**

(क) व्यावसाय दर्ता गर्नुपर्ने : प्रत्येक व्यवसायीले व्यवसाय सम्बन्धित संघीय तथा प्रादेशिक कानुन वमोजिम सम्वन्धित कार्यालयहरू (घरेलु तथा साना उद्योग विकास कार्यालय, कम्पनी रजिस्ट्रर, जिल्ला प्रसाशन, कर दाता सेवा कार्यालय, सहकारी विभाग, वन डिभिजन कार्यालय, औषधि व्यवस्था विभाग तथा विषयगत व्यवसायीक संघ जस्ता कार्यालय)मा दर्ता तथा अनुमति लिएर व्यवसाय संचालन गरिरहेको भए पनि नगरकार्यपालिकाको कार्यालयमा रहेको विषयगत शाखा (पशुपंक्षी विकास/कृषि विकास शाखा) मा आर्थिक बर्षको श्रावण मसान्त सम्ममा आ-आफ्नो व्यावसायको अनिवार्य रूपमा अनुमति, दर्ता , नविकरण र अभिलेखिकरण गराउनु पर्नेछ।

(ख) व्यवसाय दर्ता अवधि: नगरपालिकामा नगरसभाले अवधि तोकी व्यावसाय दर्ताको लागि सूचना प्रकाशन गर्नेछ र सूचना प्रकाशन भए पनि नभए पनि यसै कार्यविधि अनुसार वर्षै भरि तोकिएको जरिवाना तिरी व्यावसाय दर्ता नविकरण गर्न गराउन सकिनेछ।

(ग) तोकिएको समय भित्र व्यावसाय दर्ता गर्नुपर्ने: हाल संचालनमा रहेका सम्पूर्ण व्यवसायीले असार मसान्त सम्ममा अनिवार्य दर्ता/नविकरण गरिसक्नु पर्नेछ।साथै नयाँ व्यावसाय संचालन गर्ने व्यवसायीले व्यावसाय संचालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यावसाय दर्ता गरि सक्नु पर्नेछ ।

(घ) मापदण्ड वमोजिम पुर्वाधार निर्माण तथा व्यावसाय संचालन गर्नेः कृषि तथा पशुपन्छी जन्य फर्महरू तथा व्यवसायहरूका लागि पूर्वाधार निर्माण र व्यवसाय संचालनका लागि सम्वन्धित विभागले तय गरेको मापदण्ड लागु गर्नु पर्नेछ।जस्तै पशु वधशाला निर्माण, मासु पसल संचालन, पशुपन्छी फर्म नियमन निर्देशिका, डेरी व्यवसाय कार्यान्वयन निर्देशिका जस्ता संघीय तथा प्रादेशिक कानुन र व्यवस्थाको मापदण्डमा रहेर वातावरण मैत्री जैविक सुरक्षा, एस पि एस मेन्टेनेन्स जस्ता प्रकृया पुर्‍याऐर व्यवसाय संचालन गरेको हुनु पर्ने।

(ङ) फार्म/उद्योग/कम्पनी/व्यावसाय सञ्चालन गर्दा जैविक सुरक्षा (अनुसूची वमोजिम व्यावसाय प्रकृति अनुसारको) को विधि अवलम्बन गरेको हुनु पर्नेछ।

**७. दर्ताका लागि आवश्यक कागजातहरू :**

७.१. व्यावसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरू सहित **अनुसूची-१** बमोजिमको ढाँचामा नगरपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो

(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(३) टोल मुचुल्का

(४) व्यावसाय संचालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी

(५) अर्काको घर जग्गा भए व्यावसाय संचालन गर्न दिने मञ्जुरीनामा तथा भाडा सम्झौता पत्र ।

(६) उद्योगको हकमा सधियारको मञ्जुरीनामा ।

(७) उपर्युक्त कागजात साथै वडाको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

**८. प्रमाणपत्र सम्वन्धी व्यवस्था :**

(१) माथि ७.१ मा उल्लेखित कागजातहरू प्राप्त भईसके पश्चात तोकिएको दस्तुर लिई कार्यालयले **अनुसूची-२** बमोजिमको ढाँचामा व्यावसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

**९. व्यावसाय दर्ता तथा नवीकरणको अभिलेख तथा प्रमाणपत्र सम्वन्धी व्यवस्था :** व्यावसायको अभिलेख, अनुमति, दर्ता, नवीकरण गरेको अभिलेख **अनुसूची-३** बमोजिमको ढाँचामा व्यावसाय दर्ताको किताव तयार गरी कार्यालयले अभिलेखको व्यवस्था गर्नेछ ।

**१०. व्यावसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्वन्धी व्यवस्थाः**

(१) व्यावसाय अनुमति/दर्ता/नवीकरण सम्वन्धी शुल्क/दस्तुर राजश्व परामर्श समिति नगरपालिकाको सिफारिसमा नगर सभाले पारित गरे बमोजिम हुनेछ ।

(२) अन्य कर शुल्क दस्तुर महसुल **फिदिम नगरपालिकाको आर्थिक ऐन**मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यावसाय दर्ता /नविकरण शुल्कमा नगरकार्यपालिकाको सिफारिसमा नगरसभाले पुनरावलोकन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यावसाय दर्ता /नवीकरण शुल्क सम्वन्धी जानकारी नगरपालिकाको Website- www.phidimmun.gov.np वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ ।

## परिच्छेद - ३

## अनुगमन तथा कारबाही

**११. अभिलेख सम्वन्धी व्यवस्था :** सम्पुर्ण व्यवसायीहरूले आफ्नो व्यवसायको प्रकृति अनुसार उत्पादन हुने वस्तु, सेवाको प्रकृति, मुल्य, कर्मचारी, फार्म अभिलेख आदि अनिवार्य रूपमा राख्नु पर्नेछ।

**१२. अनुगमन सम्वन्धी व्यवस्था :**

(१) यस नगरपालिका भित्र संचालन भएका कृषि तथा पशुपंन्छी उद्योग, व्यावसायलाई ब्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ।

(२) स्थानीय सरकार संचालन ऐनले गरेको व्यवस्था अनुसारको अधिकार प्रयोग गरी कृषि तथा पशुपंन्छी उद्योग, व्यावसायलाई यस नगरपालिकामा निम्न अनुसारको समिति वा टोलीले अनुगमन गर्नेछ ।

निम्नः

१, अनुगमन समिति/टोली प्रमुखः प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी -१

२, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि -१

३, कृषि ज्ञान केन्द्रका कार्यालयका प्रमुख वा प्रतिनिधि -१

४, भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्रका प्रमुख वा प्रतिनिधि -१
५, फिदिम नगरपालिका विषयगत कृषि, पशुपन्छी, उद्योग शाखाका प्रमुख -१
६, उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि -१
७, घरेलु तथा साना उद्योग विकास कार्यालयका प्रमुख वा प्रतिनिधि-१
८, जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधि -१
९. पत्रकार महासंघ जिल्ला शाखा प्रमुख वा प्रतिनिधि -१
१०. आवश्यकता अनुसार विषय विशेषज्ञ तथा राजस्व, अनुसन्धान, नापतौल विभाग, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालयका प्रतिनिधि समेत अनुगमनमा सहभागी गराउन सकिनेछ ।

(२) अनुगमन प्रकृया मापदण्ड प्रदेश तथा संघीय सरकारले जारी गरेका कृषिजन्य, पशुपंक्षीजन्य तथा माछाजन्य व्यावसाय संग सम्वन्धित ऐन कानुन र निर्देशिका (पशुपन्छी फर्म संचालन मापदण्ड, डेरी संचालन मापदण्ड, माछा मासु पसल संचालन मापदण्ड, एग्रोभेट पसल संचालन मापदण्ड) हरूलाई आधार मानिने छ । अनुगमन गर्ने नगरपालिकाले अनुसूची ४ वमोजिमको चेक लिस्ट तयार गरि ऐन अनुसार चालु व्यावसाय संचालन भए नभएको अनुगमन र मुल्याङ्कन गरी सोही अनुसारको निर्देशन गर्न सकिने छ।

**१३. दर्ता खारेजी र व्यावसाय बन्द सम्वन्धी व्यवस्था :**

देहायका कार्य गरेमा व्यावसायको दर्ता खारेजी वा व्यावसाय बन्द गराउन सक्ने वा सम्वन्धित निकायमा कार्वाहीको लागि सिफारिस गरिनेछ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा।

(ख) निषेध गरिएका सामग्रीहरू बेचविखन गरेमा।

(ग) कालाबजारी गरेमा।

(घ) गुणस्तरहीन, प्रदुषित, फोहोर सामग्रीहरू बेचविखन गरेमा ।

(ङ) म्याद नाघेका सामग्रीहरू बेचविखन गरेमा ।

(च) चर्को मूल्यमा सामग्रीहरू बेचविखन गरेमा ।

**१४. कारबाही र जरिवाना सम्वन्धी व्यवस्था :**

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको जरिवाना गरिनेछ :-

| **विवरण** | **जरिवाना** |
|---|---|
| (क) मूल्यसूची नराखेमा | रू. ५००। |
| (ख) प्रमाणपत्र नराखेमा | रू. ५००। |
| (ग) तोकिएको समयमा व्यावसाय दर्ता तथा नविकरण नगरेमा | रू.२ देखि ३ हजार |

(घ) गुणस्तरहीन सामाग्रीहरूको उत्पादन र बेचविखन गरेमा
रू.२ देखि ५हजार।

(ङ) म्याद नाघेका सामाग्रीहरू बेचविखन गरेमा
रू.२ देखि ५ हजार।

(च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरू बेचविखन गरेमा रू.२ देखि ५हजार।

(छ) प्रदुषित, फोहोर सामाग्रीहरू उत्पादन र बेचविखन गरेमा
रू. ५,०००।-

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

(३) तेस्रो पटक सम्म पनि सोही गल्ति दोहोर्‍याएको पाईएमा व्यावसाय बन्द गराउन सक्ने वा सम्वन्धित निकायमा कार्वाहीको लागि सिफारिस गरिनेछ ।

## परिच्छेद - ४

## विविध

**१५. व्यवसाय दर्ता, अभिलेख तथा अनुगमन व्यवस्थापनका लागि आर्थिक व्यवस्थाः**

(१) यो कार्यविधि अनुसार दर्ता भइ संचालनमा रहेका वा दर्ता नगरी संचालन गरिरहेका व्यवसायहरुलाई दर्ता प्रकृयामा ल्याई ब्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले दर्ता, नविकरण, अभिलेख व्यवस्थापन र अनुगमनका लागि आर्थिक विकास वजेटमा यस सम्वन्धी कार्यक्रम वनाई वजेटमा समावेश गर्न सक्नेछ ।

(२) यस कार्यविधि वमोजिम व्यवसायहरुको दर्ता, नविकरण तथा अभिलेख व्यवस्थापनका लागि वार्षिक रु २००००। सम्म र नगरपालिकाका विभिन्न वडाहरुमा संचालित कृषि तथा पशुपन्छी जन्य व्यवसायहरुको अनुगमन कार्यको हकमा अनुगमनमा जाने कर्मचारीलाई दैनिक भ्रमण खर्च दिन मिल्ने भए सोही वमोजिम र दैनिक भ्रमण खर्च लेख्न नमिल्ने स्थानहरुको हकमा अधिकृत स्तरको दैनिक २०००। यातायात, खाना, खाजा, वास र सहायक स्तरको कर्मचारीलाई १२००का दरले वा इन्धन खर्च व्यवस्था गर्न सकिने छ ।

**१६. बाधा अडकाउ सम्वन्धी व्यवस्था :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई ब्यवस्थित र प्रभावकारी बनाउन नगरकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा नगरकार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ।

**१७. विशेष व्यवस्था :** माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानुन नबनुन्जेल सम्म वा नगरपालिकाले बनाएको अर्को ऐन नवनाए सम्म वा यस कार्यविधिलाई कानुनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रूपमा लागु रहनेछन् ।

**अनुसूची १**

**दफा ६ सँग सम्बन्धित**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
फिदिम नगरपालिकाको कार्यालय
फिदिम, पाँचथर

विषय: व्यावसाय दर्ता गरी पाँऊ।

महोदय,

प्रस्तुत विषयमा मैले तपसिल अनुसारको विवरण भएको व्यावसाय संचालन गरिरहेको/ गर्न इच्छुक भएकाले नियमानुसार व्यावसाय दर्ता/ अनुमति / अभिलेखिकरण /नवीकरण गरिदिनुहुन अनुरोध छ ।

निम्नः

१. व्यवसायको नामः

२. ठेगानाः

३. व्यवसायमा संचालन हुने कृयाकलाप तथा कारोवारका वस्तुहरू

५. व्यासायमा भएको अनुमानित लगानी

६. व्यवसाय सुरू मितिः

संलग्न गागजातहरुः

१) हालसालै खिचेको २ प्रति पासपोर्ट साइजको फोटो

२) नागरिकता प्रमाण पत्रको प्रतिलिपि

३) जन प्रतिनिधिको रोहवरमा गरेको टोल मुचुल्काको प्रतिलिपि

४) व्यावसाय संचालन हुने घर जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

५) घर जग्गा लिज / भाडामा भए भाडा सम्झौता पत्र प्रतिलिपि

६) उद्योगको हकमा सधियारको मञ्जुरीनामा

७) वडा कार्यालयको सिफारिस पत्र

८) नगर पालिका राजश्व शाखामा राजश्व वुझाएको भौचर

निवेदक

नाम :

ठेगाना :

मिति :

## अनुसूची २

## दफा (८) सँग सम्बन्धित, व्यावसाय दर्ता प्रमाण पत्रको ढाँचा

"कृषि,उद्योग,उर्जा,पर्यटन,व्यापार र पुर्वाधार समृद्ध फिदिमका ६ आधार"

**फिदिम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**(...............विकास शाखा)**

फिदिम,पाँचथर

१ नं. प्रदेश, नेपाल

व्यवसायी को पास पोर्ट साइजको

०२४-५२११०७

## व्यावसाय दर्ता प्रमाण -पत्र

देहाय वमोजिमको विवरण भएको ..........................................व्यवसायलाई स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(७) तथा दफा १०२(२) र **"कृषि व्यवसाय अनुमति, दर्ता, नविकरण तथा अभिलेख कार्यान्वयन कार्यविधि,२०७७"** वमोजिम व्यवसाय संचालन प्रयोजनका लागि यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण -पत्र दिएको छ ।

**देहायः**

**१, व्यवसायको नामः** .................. **ठेगानाः** ....................

**२, प्रोप्राइटर /संचालकको नामः** .............. **ठेगानाः** ...................

**३, प्रोप्राइटर /संचालकको बावु / पतिको नामः** .............................. **वाजेको नामः** ................................

**४, व्यावसाय दर्ता नं** .............................

**५, पान नं.............................**

**६, कारोवार शुरू मितिः .............................** **७, व्यावसायको किसिमः...............**

**८, यस कार्यालयमा व्यावसायको अनुमति / दर्ता / नविकरण / अभिलेख भएको मितिः_....................**

**९, व्यवसायको श्रेणीः......................** **१०, प्रोप्राइटर / संचालकको नागरिकता/ राष्ट्रिय परिचय- पत्र नं ...................**

**११, अन्य निकायमा दर्ता भए दर्ता नंम्वरः............................ दर्ता मितिः............................**

**१२, दर्ता गर्ने कार्यालयको नामः.............................**

**१३, व्यवसाय संग सम्वन्धित उद्धेश्य लगायत अन्य कुराहरू थप गर्नु पर्ने भएमाः.............................**

**कृषि / पशुपन्छी विकास शाखा** **प्रमुख प्रशासकीय अधिकृत**

**नोटः**

**१.** यो प्रमाण - पत्रको म्याद व्यावसायको अनुमति / दर्ता / नवीकरण / अभिलेख भएको मितिले १ वर्षको हुने छ । त्यस पछि नवीकरण भए अनुसार कायम रहने हुनाले हरेक असार मसान्त या म्याद सकिएको १ महिना भित्र अनिवार्य नवीकरण गराइ सक्नु पर्नेछ ।

२. व्यवसायीले कारोवार उत्पादन / वजारीकरण तथा सेवा प्रवाह गर्दा प्रचलित कानुन वमोजिम गर्नु गराउनु पर्नेछ । अन्यथा भए गरेको पाइएमा कानुन वमोजिम भई जाने छ ।

## अनुसूची २

**दफा (८) सँग सम्बन्धित, व्यावसाय दर्ता प्रमाण पत्रको ढाँचा**

**व्यावसाय दर्ता प्रमाण -पत्र को नवीकरण विवरण**

**व्यवसायको नामः.................................... ठेगाना ..........................**

**व्यवसाय दर्ता नं...............................**

| नविकरण गरेको मिति | म्याद सकिने मिति | राजश्व वुझाएको रसिद नं | सिफारिस गर्नेको दस्तखत | निवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसूची ३

**दफा (८) सँग सम्बन्धित,**

"कृषि,उद्योग,उर्जा,पर्यटन,व्यापार र पुर्वाधार समृद्ध फिदिमका ६ आधार"

**फिदिम नगरपालिका**

०२४-५२११०७

# नगर कार्यपालिकाको कार्यालय

**(...............विकास शाखा)**

फिदिम,पाँचथर

१ नं. प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(७) तथा दफा १०२(२) र

**"कृषि व्यवसाय अनुमति, दर्ता, नविकरण तथा अभिलेख कार्यान्वयन कार्यविधि,२०७७"** वमोजिम

**कृषि, पशुपन्छी तथा माछाजन्य व्यवसाय अभिलेख, दर्ता, नविकरण तथा इजाजत दिएको अभिलेख कितावको ढाचा**

| क्रस | न पा दर्ता नम्वर र मिति | | फर्मको नाम | प्रोपाइटरको नाम | ठेगाना | अन्य निकायमा दर्ता गरेको भए | | व्यावसायको किसिम | व्यावसायको उद्धेश्य | लागत पूजी | सम्पर्क नंम्वर | व्यवसायीको फोटो | प्रमाणित गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं | मिति | | | | दर्ता गरेको निकाय | दर्ता/मिति र नम्वर | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची -४

**दफा (१०) सँग सम्बन्धित,**

**कृषि,पशुपन्छी तथा माछाजन्य व्यावसाय संचालन गर्दा अपनाउनु पर्ने जैविक सुरक्षा मापदण्डहरुः**

१. पशुपन्छी (व्यावसाय) फर्म राष्ट्रिय तथा मुख्य सडकबाट १०० मिटर टाढा हुनु पर्नेछ ।

२. मानिस वसोवास गर्ने स्थान, मुख्य वजार या घर देखि पशुपन्छी (व्यावसाय) फर्मको दुरी कम्तिमा १०० मिटर हुनु पर्नेछ ।

३. मानिस वस्ने घरमा मानिस सगै राखेर कुखुरा, भेडा वाख्रा लगायतका पशुपन्छी पाल्न पाइने छैन ।

४. फर्म भित्र अन्य जनावर, पंक्षी नछिर्ने खालको पर्खाल टाटी वा जालीले घेरेर राख्ने साथै अनुमति विना प्रवेश निषेध लेखेको वोर्ड समेत राखेको हुनु पर्नेछ ।

५.फर्ममा काम गर्ने कामदारहरूलाई सरसफाईको लागि नजिकै धारा, वाथरूम तथा ट्वाइलेटको राम्रो व्यवस्था गरेको हुनु पर्नेछ

६. लामो समय सम्म काम गर्ने कामदारहरूको विमा तथा स्वास्थ्य विमाको नितीगत व्यवस्था गरी विमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

७. फर्मबाट उत्पादन हुने पशुपन्छीको मलमुत्र, फोहोर मैला तथा मृत पशुपन्छीको व्यवस्थापन गर्न सुरक्षित कम्पोष्ट पिट, वायोलोजिकल पिट, पिसाव संकलन टेंकी आदिको व्यवस्था गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको व्यहोरा लगायत नेपाल सरकारको विभिन्न औद्योगिक नीति नियम र कानुले तय गरेका मापदण्ड लाइ आधार मानी व्यावसाय संचालन भएको हुनु पर्नेछ ।

"कृषि,उद्योग,उर्जा,पर्यटन,व्यापार र पुर्वाधार समृद्ध फिदिमका ६ आधार"

**फिदिम नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**(..............विकास शाखा)**

फिदिम,पाँचथर

१ नं. प्रदेश, नेपाल

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११(७) तथा दफा १०२(२) र **"कृषि व्यवसाय अनुमति, दर्ता, नविकरण तथा अभिलेख कार्यान्वयन कार्यविधि,२०७७"** वमोजिम

## कृषि, पशुपन्छी तथा माछाजन्य व्यावसाय अभिलेख, दर्ता, नवीकरण तथा इजाजत दिएको अभिलेख किताव

कृषि तथा पशुपंन्छी संग सम्वन्धित कृषक समुह / समिति दर्ता किताव

**कृषि तथा पशुपंन्छी संग सम्वन्धित कृषक समुह / समिति नवीकरण  किताव**

| क्रस | न पा दर्ता नम्वर र मिति | | नविकरण गरेको मिति | फर्मको नाम | प्रोपाइटरको नाम | ठेगाना | अन्य निकायमा दर्ता गरेको भए | | व्यावसायको किसिम /उद्धेश्य | लागत पूजी | सम्पर्क नंम्वर | व्यवसायीको फोटो | प्रमाणित गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दर्ता नं | मिति | | | | | दर्ता गरेको निकाय | दर्ता / मिति र नम्वर | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

| क्र स | दर्ता नं. | दर्ता मिति | नविकरण गरेको मिति | समुहको नाम | ठेगाना | अध्यक्षको नाम | सम्पर्क न | समुह सदस्य संख्या | | | | | | गठन मिति | मुख्य उदेश्य | उत्पादन विषेश | खतारहेको वैक | खतान | हितकोष रकम | समुहको छाप | प्रमाणित गर्नेको हस्तार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा | महिला | पूरूष | दलित | जनजाति | अन्य | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | |